# आर्थिक बर्ष २०८०/०८१ को
# आर्थिक ऐन

परिवर्तन गाउँपालिका
रोल्पा जिल्ला
लुम्बिनी प्रदेश
२०८०

परिवर्तन गाउँपालिकाको आर्थिक ऐन

परिवर्तन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको बिधेयक

सभाबाट स्वीकृत मिति :-२०८०/०३/१०

**प्रस्तावना :-**

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम परिवर्तन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

१) यस ऐनको नाम "आर्थिक ऐन २०८०" रहेको छ।

२) यो ऐन २०८० साल श्रावन १ गतेदेखि परिवर्तन गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **भूमीकर (मालपोत)**:- गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा जग्गामा त्यस्तो जग्गाको वर्गीकरणका आधारमा अनुसुची बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. **घर जग्गा बहाल कर :-** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिईएको कूल रकमको १०% वहाल कर लगाइने र असूल उपर गरिनेछ।

४. **ब्यवसाय कर :-** गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर :-** गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेद गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरे वापत देहाय अनुसारको कर लगाई असुल उपर गरिनेछ।

जडिबुटिः रु. ३ प्रतिकेजी

क) कागज प्रति केजी रु १ (संशोधित)

ख) स्टिलजन्य र फलामजन्य प्रति के.जी. रु ३ (संशोधित)

(नोटः यस गाउँपालिका क्षेत्रभित्र जडिबुटिबाहेक दफा ६ बमोजिका अन्य करजन्य वस्तु उपलब्ध नभएकोले करदायरा उल्लेख नगरिएको)

६. **सवारी साधन कर**:- गाउँ पालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश सरकारले असुल उपर गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा वाँडफाँड गर्नेछ। स्थानीय तहमा रिक्सा, टाँगा, ठेलागाडामा कर राजश्व परिचालन गर्न सकिने दायरा भएकोले अटोरिक्सा दर्ता शुल्क रु. २५०० र नविकरण शुल्क रु. १००० हुनेछ।

७. **विज्ञापन कर :-** गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञानपनहरुमा विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ। यसरी सँकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व वाँडफाँड गर्नुपर्नेछ। यसका लागी स्थानीय तहको अनुकूलतामा देहायबमोजिम कर संकलन तथा असुल उपर गरिनेछ।

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु. १५ का दरले।
- राष्ट्रिय वा ठूलो उत्पदान/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु. ५० का दरले।

८. **मनोरञ्जन कर** :- गाउँपालिका क्षेत्रभित्र हुने मोरञ्जनजनात्क प्रकृतिका कार्यक्रम,पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेवापत प्रति इभेन्ट एकमुष्ट रु.५,०००/-का दरले लिईनेछ। साथै गाउँपालिका भित्र व्यापारिक प्रयोजनका लागी लगाईने प्रत्येक महोत्सव वापत एकमुष्ठ रु १० हजार र प्रति दिनको रु ५ सयका दरले थप शुल्क लिईनेछ। कार्यक्रम,पर्व,मेला वा महोत्सवहरु गाउँपालिकाको अनुमति लिएर मात्र संचालन गर्न सकिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व वाँडफाँड गर्नुपर्नेछ। (शंशोधन)

९. **बहाल बिटौरी शुल्क** :- गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा सरकारी जग्गामा देहायबमोजिमको बहाल बिटौरी कर लगाइने र असूल उपर गरिनेछ।

क) हाट बजारः रु. ५,००० प्रति १ पटक

ख) पसल स्थापनाःरु. २,५०० प्रति १ पटक

ग) सरकारी जग्गा उपभोग गरेबापतः प्रतिरोपनी रु. १००

१०. **पार्किङ्ग शुल्क** :- गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिमको पार्किङ्ग शुल्क लिइनेछ :-

» दुई पाङ्ग्रे सवारी साधनलाई प्रतिदिन रु. १०

» ट्याक्सीलाई प्रतिदिन रु. २०

» यात्रुवाहक बसलाई प्रतिदिन रु. ३०

» मालवाहक ठूला गाडिहरुलाई प्रतिदिन रु. ५०

११. **ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्क** :- गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गर्ने ब्यवसायीहरुको तथ्याङ्क सङ्ककलन, अध्ययन र अनुसन्धान गरी गरी शुल्क लगाउने प्रकृयालाई अगाडि बढाउनेछ।

१२. **सेवा शुल्क र दस्तुर** :- गाउँपालिकले निर्माण, सञ्चालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (२) मा ब्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३.**पर्यटन शुल्क** :- यस गाउँ पालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाईने कार्यलाई यसै आ.व.बाट सुरु गर्न उपयुक्त व्यवस्था गरिनेछ। जसका लागि विभिन्न संरक्षण क्षेत्र आयोजना निर्माण गरी यस गाउँ पालिकाको क्षेत्रभित्र पर्यटनसँग सम्वन्धित सरोकारवालाहरुसँग छलफल र सहकार्य मार्फत शुल्क निर्धारण गरिनेछ।

१४. **कर छुट** :- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा सँस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन।

१५. **कर तथा शुल्क सत्कलन सम्वन्धि कार्यविधि** :- यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

| | |
|---|---|
| पुजी रु ३००००१ देखि ५,०००००। सम्म व्यवसायको किसिम | (क) |
| पुजी रु १००००१ देखि ३०००००। सम्म व्यवसायको किसिम | (ख) |
| पुजी रु १००० देखि १०००००। सम्म व्यवसायको किसिम | (ग) |

**अनुसूचि १**

दफा (५) सँग सम्बन्धित

**आगामी आ.व. २०८०/०८१ को राजश्व सम्बन्धी दर र दायरा :**

**१. वार्षिक व्यवसाय कर**

| क्र.सं | व्यवसायको नाम | व्यवसायको किसिम | कर/ शुल्क |
|---|---|---|---|
| १ | मदिरा पसल | (क) | ८०००.०० |
| | | (ख) | ५०००.०० |
| | | (ग) | ३०००.०० |
| २ | चुरोटबिडि सुर्ति जन्य | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ३ | हल्का पेय पदार्थ | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ४ | सुनचाँदी | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ५ | औषधी पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ६ | आयुर्वेदिक औषधी पसल | | ५००.०० |
| ७ | माछा मासु विक्री पसल | | १०००.०० |
| ८ | एगग्रेभेट पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १० | छपाई तथा प्रकाशन | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |

| | | | |
|---|---|---|---|
| ११ | कस्मेटिक पसल | | १००० |
| १२ | मोटर पार्टस | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १३ | प्लाई तथा ग्लास | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १४ | कपडा, फेन्सी, जुत्ता, चप्पल, व्याग पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १५ | धागो टाँक पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १६ | इलेक्टोनिक पसल -मोबाइल, घडी , क्याल्कुलेटर, अडियो, भिडियो आदी | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १७ | हार्डवेयर,मेसिनरी,स्यानिटरी,मार्बल पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००\|०० |
| | | (ग) | १०००\|०० |
| १८ | पेट्रोलियम पर्दाथ | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| १९ | स्टिल आल्मुनियम पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| २० | फर्निचर | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| २१ | ढुगां तथा गिट्टि बालुवा विक्रि वितरण गर्ने | | १००० |
| २२ | कपडा सिलाई कटाई | टेलरिङ आधुनिक | २०० |
| | | हाते मेसिन | १०० |

| | | | |
|---|---|---|---|
| २३ | स्नुकर, पुल हाउस | | १००० |
| २४ | क्यारेमबोर्ड | | २०० |
| २५ | पशु आहार बिक्रि केन्द्र | | २०० |
| २६ | किराना पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| २७ | फलफुल, तरकारी पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| २८ | उपहार, गिफ्ट खेलौना पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| २९ | भाडाँ पसल | (क) | ६०००.०० |
| | | (ख) | ३०००.०० |
| | | (ग) | १०००.०० |
| ३० | माटोको भाडाँ पसल | थोक, खुद्रा | १०० |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | २००० |
| | | कन्सटेन्टी सेवा | २००० |
| | | कानुन व्यवसायी ल फर्म | २००० |
| | | लेखा परिक्षण व्यवसायी | २००० |
| | | दन्त चिकित्सक | २००० |
| | | अनुसन्धानकर्ता परामर्श दता | २००० |
| | | पशु चिकित्सक डाक्टर | २००० |
| | | रोजगार सेवा | २००० |
| ३२ | ढुवानी तथा टान्सपोर्ट | | १००० |
| ३३ | पेन्टर, साईबोर्ड लेख्ने | | १०० |
| ३४ | जग्गा व्यवसायी | | २००० |
| ३५ | निर्माण व्यवसायी | | २००० |
| ३६ | यस वर्गिकरणमा नपरेका व्यवसायको हकमा | | ५०० |
| उत्पादनमूलक उद्योग | | | |
| ३७ | ग्रील उद्योग | | १००० |

| | | | |
|---|---|---|---|
| ३८ | जुत्ता उद्योग | | ५०० |
| ३९ | घरेलु कुटिर उद्योग -अगरबट्टी, मैनबट्टी, टिकी। अचार तथा अन्य कुटिरी | | ५०० |
| ४० | कपडा तथा गामेन्ट उद्योग | | १००० |
| ४१ | सिरक, डस्ना, उद्योग पसल | | ५०० |
| ४२ | कुटानी, पेलानी मिल | | ५०० |
| ४३ | मसला मिल | | ५०० |
| (नोटः यदि मसला मिल रहेको मिल बाटै कुटानी, पेलानी मिल पनि छ भने कुटानी, पेलानी मिल कै व्यवसाय कर लाग्ने छ) | | | |
| ४४ | डेरी उद्योग व्यवसाय | | ५०० |
| ४५ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज, नुडल्स | ५०० |
| | | दालमोट, पाउरोटी, चाउमिन | २०० |
| | | पापड,चिप्स, फिगंर | २०० |
| ४६ | वन्यजन्य उद्योग | सिमल प्लाइउड उद्योग | २००० |
| | | काठ विक्रि डिपो | ५०० |
| ४७ | क्रसर, कंक्रिट, इट्टाभट्टा उद्योग | | ५००० |
| ४८ | ढाका टोपी पश्मिना उद्योग | | १०० |
| ४९ | सुर्तिजन्य उद्योग | | ५००० |
| ५० | होटेल लज रेष्टुरेन्ट | होटेल लज | १००० |
| | | भोजनालय | ५०० |
| | | मिठाई पसल | ५०० |
| | | पार्टि प्यालेस | २५०० |
| | | रेष्टुरेन्ट बार | २००० |
| | | चिया र खाजा पसल | २०० |
| | | खाना, खाजा नास्ता पसल -मदिरा सहित) | १००० |
| ५१ | टेन्ट हाउस | | २००० |
| ५२ | सेवा उद्योग | | |

| | | | |
|---|---|---|---|
| ५३ | सञ्चार | एफ.एम. प्रसारण | २००० |
| | | केबुल च्यानल प्रसारण | २००० |
| | | पत्रप्रत्रिका प्रकाशन सेवा | १००० |
| | | फोटोकपि, पि.सि.ओ. साइवर | ५०० |
| | | कुरियर सेवा | १००० |
| | | कलर ल्याव फोटो स्टुडियो | ५०० |
| ५४ | वित्तिय | बाणिज्य बैंक, प्रति शाखा केन्द्रिय कार्यालय | ५००० |
| | | विकास बैंक, प्रति शाखा केन्द्रिय कार्यालय | ४००० |
| | | फाईनान्स कम्पनी शाखा कार्यालय | ३००० |
| | | मनि ट्रान्सफर | ५०० |
| | | बिमा कम्पनी | २००० |
| | | लघु वित्तिय | १००० |
| ५५ | स्वास्थ्य सेवा व्यवसाय | निजि अस्पताल तथा नर्सिङ होम | २५०० |
| | | किल्निक तथा ल्याव | १००० |
| | | चस्मा पसल | ५०० |
| ५६ | शिक्षा सेवा निजि | क्याम्पस | २००० |
| | | मा.वि. र उ. मा.वि. | १५०० |
| | | मा.वि. | १००० |
| ५७ | | आधारभुत | १००० |
| | | प्राथमिक | १००० |
| | | छात्राबास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | पूर्व प्राथमिक | ८०० |
| | | ट्यूसन सेन्टर | १५०० |
| | | कम्प्यूटर वा निर्त्य कला सिकाई केन्द्र | १००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १००० |

| | | | |
|---|---|---|---|
| ५८ | मर्मत संम्भार | टायर, टुयुब मर्मत, रिसोलिङ, हावा भर्ने | २०० |
| | | इन्जिन मर्मत | १५०० |
| | | डेस्टिङ, पेन्टिङ | १५०० |
| | | टि.भि., फ्रिज, मोटर, पंखा, रेडियो, घडी जेनेरेटर, कम्प्यूटर, मोबाइल | १००० |
| | | मोटरसाइकल मर्मत | ५०० |
| | | बस, टयाक्सी लगायतका सवारी साधन मर्मत | २००० |
| | | अन्य विविध मर्मत | ५०० |
| ५९ | फल विरुवा पसल | | ५०० |
| ६० | खाजा चिया मिठाई पसल | (क) | ६००० |
| | | (ख) | ३००० |
| | | (ग) | १००० |
| ६१ | मासु पसल सवै प्रकारको (फ्रेस हाउस सहित) | | १००० |
| ६२ | मनिट्रान्सफर | | २००० |
| ६३ | कपाल काटने नाइको पसल | | रु ५०० |
| ६४ | कम्प्युटर टाइपिङ,फोटोकपी सेवा पि.सि.ओ. सेवा | | रु ५०० |

**अनुसूची** (२)

दफा १३ सँग सम्बन्धित

**२. सिफारीस दस्तुर**

| क्र.सं. | सिफारिसको विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २००/- | |
| २ | अंगीकृत नागरिकता सिफारिस | ३००/- | |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | ५०० /- | |
| ४ | नागरिकताको संशोधन सिफारिस | ५००/- | संशोधन |
| ५ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २००/- | |
| ६ | विद्युत सिफारिस (लघु) | २०० /- | |
| ७ | विद्युत सिफारिस (थ्रिफेज) | ५००/- | |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम थर सिफारिस | २०० /- | |
| ९ | जन्म मिति प्रमाणित | २००/- | |
| १० | नाम , थर जन्ममिति संसोधन सिफारिस | २०० /- | |
| ११ | घरजग्गा नामसारी सिफारिस | २००/- | |
| १२ | जग्गा फुकुवा सिफारिस | २००/- | |
| १३ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५००/- | |
| १४ | हकवाला संरक्षण सिफारिस | २००/- | |
| १५ | अविवाहित प्रमाणिकरण सिफारिस | ५००/- | |
| १६ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत ) | २००/- | |
| १७ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति सिफारिस | ५००/- | संशोधन |
| १८ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २००/- | |
| १९ | घरनक्सा नामसारी सिफारिस | २००/- | |
| २० | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | ५००/- | |
| २१ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | २००/- | |
| २२ | नीजि क्षेत्रका रुख कटान सिफारिस | २००/- | |
| २३ | नावालक परिचयपत्र सिफारिस | २०० /- | |
| २४ | विभिन्न दलित, जनजाति तथा थर सिफारिस | २०० /- | |
| २५ | पारिवारिक विवरण | २००/- | |
| २६ | खानेपानी सम्वन्धि सिफारिस | २०० /- | |
| २७ | उद्योग सिफारिस | ५००/- | |
| २८ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | ५००० /- | संशोधन |
| २९ | विज्ञापन अनुमति तथा सहमति सिफारिस | १,००० /- | |

| | | | |
|---|---|---|---|
| ३० | अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस (प्रति सिफारिस) | ५०० /- | संशोधन |
| ३१ | चारकिल्ला प्रमाणित | २००/- | |
| ३२ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | २००/- | |
| ३३ | बजार क्षेत्रका घरबाटो सिफारिस | ३००/- | |
| ३४ | नया संस्था दर्ता सिफारिस | ५००/- | |
| ३५ | ब्यावसाय दर्ता सिफारिश | ५००/- | संशोधन |
| ३६ | बिबाह प्रमाणिता | २००/- | |
| ३७ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | २००/- | |
| ३८ | घर बाटो प्रमाणित | ३००/- | |
| ३९ | घर कायम सिफारिस | २००/- | |
| ४० | मन्जुरीनामा प्रमाणित | २००/- | |
| ४१ | घर पातल प्रमाणित | २००/- | |
| ४२ | हकवाला वा हकदार प्रमाणित | २००/- | |
| ४३ | व्यसाय नविकरण क,ख,ग वर्ग क्रमश : | १५००,१०००,५००/- | संशोधन |
| ४४ | सम्पत्ति एवं धितो मुल्याङन | प्रति लाख ०.२५ प्रतिशत | |
| ४५ | वार्षिक आय प्रमाणित | प्रति लाख १ सय प्रति वर्ष | |
| ४६ | सभाहल भाडा(गाउँपालिका तथा वडापालिका) | १५०० प्रतिदिन | |
| ४७ | पालिकाभित्रका सरकारी संरचना वाट उठेको भाडा रकम | ४० प्रतिशत | संशोधन नयाँ |
| ४८ | इन्टर्नशिप तथा ओ.जी. टी. | १००० प्रतिव्यक्ति | |
| ४९ | सर्जिमन मुचुल्का | रु.२००/- | |
| ५० | पशुजन्य निरोगिता प्रमाणित | रु. ५००/- | |
| ५१ | आधारभूत विद्यालय खोल्ने स्वीकृत तथा थप कक्षा सिफारिस | रु.१५००/- | |
| ५२ | उपभोक्ता समुह खाता सञ्चालन सिफारिस | २०० /- | |
| ५३ | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिस एवं प्रमाणितहरुमा | २००/- | |
| ५४ | अपांग सिफारिस | २०० /- | |
| ५५ | छात्राबृत्ति सिफारिस | २०० /- | |
| ५६ | व्यवसाय दर्ता सिफारिस | ५००/- | |

| | | | |
|---|---|---|---|
| ५७ | व्यवसाय नामसारी तथा वन्द सिफारिस | ५००/- | |
| ५८ | खानेपानी विद्युत टेलिफोन जडान तथा नामसारी सिफारिस | ५००/- | |
| ५९ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २०० /- | |
| ६० | स्थानीय ठेगाना प्रमाणित सिफारिस | २०० /- | |
| ६१ | कार्य अनुभव सिफारिस पत्र | रु ५००/- | |
| ६२ | उद्योग नाम सारी तथा ठाँउसारी सिफारिस | रु ५००/- | |
| ६३ | बलियो आर्थिक अवस्था सिफारिस | रु १०००/- | |
| ६४ | कुकाठ वाहेकका अन्य रुख कटान प्रति रुख | रु २००/- | |
| ६५ | खाद्यान्न निकासी (स्थानीय उत्पादन) सिफारिस प्रति के.जी. | रु ५/- | |
| ६६ | सुचि दर्ता | रु २००/- | संशोधन नयाँ |
| ६७ | तमसुक प्रमाणित दस्तुर | रु १००० | संशोधन नयाँ |
| ६८ | सिफारीस अन्य विविध | रु २००/ | |
| नोटः- गाउँ पालिका क्षेत्र भित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप सम्वन्धि सिफारिसहरुमा प्रकृति हेरी सिफारिस दस्तुर छुट दिईनेछ। | | | |

**३ घटना दर्ता दस्तुर**

| सि नं | घटना विवरण | दस्तुर |
|---|---|---|
| १. | जन्म दर्ता | २०० /- |
| २. | मृत्यु दर्ता | २०० /- |
| ३ | बसाइ सराई दर्ता | २०० /- |
| ४ | सम्बन्ध विच्छेद दर्ता | २०० /- |
| ५ | विवाह दर्ता | २०० /- |
| ६ | घटना दर्ता प्रतिलिपी | ५०० /- |
| ७. | घटना दर्ता अभिलेख हेरेको | २०० /- |

**४. कृषि तथा पशुपन्छी सम्बन्धी दस्तुर**

| सि न | विवरण | दस्तुर |
|---|---|---|
| १ | कृषि/पशु समुह दर्ता शुल्क | रु ५००/ |
| २ | कृषि/पशु समुह नविकरण | रु २००/ |
| ३ | कृषि/पशु समुह/फर्म दर्ता प्रतिलिपी | रु २००/ |

| | | |
|---|---|---|
| ४ | कृषि/पशु समुह नविकरण थप दस्तुर | रु २००/ |
| ५ | पशुजन्य निरोगिता प्रमाणित र निकासी सिफारिस | प्रति वटा रु ५०/ |
| ६ | कृषिजन्य उपज (स्थानीय उत्पादन) निकासी सिफारिस | प्रति केजी रु ०.५०/- (शंशोधन) |
| ७ | कृषि तथा पशु व्यक्तिगत फर्म दर्ता | रु १०००/ |
| ८ | कृषि तथा पशु व्यक्तिगत फर्म नविकरण | रु ५००/ |
| ९ | गाउँघर पशु रोग प्राविधिक सेवा शुल्क | रु ५००/- |

**५. न्यायिक दस्तुर**

| **सि.नं** | **विवरण** | **दस्तुर** |
|---|---|---|
| १ | उजुरी निवेदन दर्ता शुल्क | रु २०० /- |
| २. | मेलमिलाप शुल्क | रु १००० /- |

**६. संघ संस्था तथा सहकारी**

| **सि.नं** | **विवरण** | **दस्तुर** |
|---|---|---|
| १ | सहकारी दर्ता शुल्क | रु ३००० /- |
| २ | सहकारी नविकरण | रु २५०० /- |
| ३ | सहकारी नविरण थप दस्तुर | रु ५०० /- |
| ४ | खानेपानी मुहान दर्ता शुल्क | रु १००० /- |
| ५ | खानेपानी मुहान नविकरण शुल्क | रु ५०० /- |
| ६ | उपभोक्ता समिति सुचिकृत तथा दर्ता शुल्क | रु ५०० /- |
| ७ | गै.स.स. सुचिकृत शुल्क | रु १००० /- |

**७.घ वर्गको इजाजत पत्र सम्बन्धी दस्तुर**

| **सि.न.** | **विवरण** | **दस्तुर** |
|---|---|---|
| १. | इजाजत पत्र दर्ता | रु १५,०००/- |
| २. | इजाजत पत्र नविकरण | रु ३००० /- |
| ३ | इजाजत पत्र प्रतिलिपी दस्तुर | रु १००० /- संशोधन |
| ४ | इजाजत पत्र नविकरण थप दस्तुर | रु ५०० /- |
| ५ | ईजाजतपत्र नामसारी | रु १५,००० /- |

## ८. नक्सा पास तथा घर नक्सा अभिलेखिकरण दस्तुर

| सि.नं | विवरण | दस्तुर (प्रति स्क्वायर फिट प्रति तला) |
|---|---|---|
| १. | RCC भवन ( सहिद मार्ग,गापा र बागमारा क्षेत्र ) | रु ६/- |
| २. | RCC भवन (अन्य क्षेत्र) | रु ५ /- |
| ३. | RCC भवन अभिलेखिकरण (सहिद मार्ग,गापा र बागमारा क्षेत्र ) | रु ५ /- |
| ४. | RCC भवन अभिलेखिकरण (अन्य क्षेत्र) | रु ४ /- |
| ५. | नक्सा पास फाराम शुल्क | रु १००० /- |

## ९ मालपोत तथा भुमिकर

| सि.नं | विवरण | दस्तुर (प्रति रोपनी) |
|---|---|---|
| १. | सहिद मार्ग तथा गापा र बागमारा क्षेत्र | रु २५/- |
| २. | समथर खेत | रु २० /- |
| ३. | समथर पाखो | रु १५ /- |
| ४. | भिरालो  पाखो जग्गा | रु १० /- |

**नोट : राजश्व नतिरेको प्रत्येक वर्षको बक्यौता रकमको १० प्रतिशतले जरिवाना लाग्नेछ ।**

| शीर्षक | आ.व. ०८०/८१ को अनुमान |
|---|---|
| आन्तरिक श्रोत | ३५५०००० |
| ११३१४ भुमिकर/मालपोत | ११०५००० |
| ११३२१ घरवहाल कर | ४०००० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५५००० |
| ११६९१ अन्य कर | ८००००० |
| १४२२१ न्यायिक दस्तूर | २०००० |
| १४२२४ परीक्षा शुल्क | |
| १४२४२ नक्सा पास दस्तुर | |
| १४२४३ सिफारिस दस्तुर | ९०५००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०५००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०५००० |
| १४२४९ अन्य दस्तुर | १,०५००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,०५००० |
| १४५११ बीमा दावी प्राप्ति | |
| १४६११ व्यवसाय कर | २,०५००० |